# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही

प.सं. प्रशासन /०७०/०७१ मिति :– २०७०।५।७
च.नं.

**विषय : निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
न.पा. व्यवस्थापन शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७० साल श्रावण महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०७०।४।७ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री टीकादत्त राई ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिति**

श्री टीकादत्त राई – प्रमुख/का.अ. सि.न.पा.

**आमन्त्रीत**

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ – ब.ई. सि.न.पा.
श्री बिवेक कुमार खनाल – ब.अ. सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री – ब.अ. सि.न.पा.
श्री देव प्रसाद ज्ञवाली – शाखा अधिकृत
श्री श्रीराम गुप्ता – अध्यक्ष, कर्मचारी एशोसिएशन

**निर्णय नं. १ (एक)**

सिद्धार्थनगर नगरपालिकामा संचालित एकीकृत शहरी विकास परियोजनाको लागि २९ अप्रिल २०१३ मा सम्झौता भई १५ मे २०१३ देखि परिचालित भएको Design and Supervision Consultant (DSC) GOEC Nepal (P.) Ltd. JV with Technocrat Consultancy, New Baneshwor, Kathmandu बाट प्रस्तावित भै छनौट भएका Solid Waste Management Engineer श्री ब्रज किशोर चौधरी र Social Safeguard Expert श्री एम. मास्केलाई हटाई (Replace) Solid Waste Management Engineer मा श्री द्वारिका फुयाल र Social Safeguard Expert मा श्री दिपक कुमार मिश्रालाई प्रस्ताव गरेकोमा मूल्यांकन समितिले मूल्यांकन गर्दा पहिले छनौट भएका र अहिले प्रस्ताव गरिएका विज्ञहरुको अंक बराबर हुन आएकोले हाल प्रस्ताव गरिएका निम्न उम्मेदवारहरुको निम्न अनुसार अंक निर्धारण गरी परियोजना समन्वय कार्यालय (PCO) तथा ADB मा आवश्यक सहमतिको लागि पठाउन मूल्यांकन समितिबाट सिफारिस भई आए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।


"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

ASIAN DEVELOPMENT BANK

## PERSONNEL EVALUATION SHEET

Name of Firm: GOEC Nepal P. Ltd. JV with Technocrat Consultancy

| | POSITION/AREA OF EXPERTISE<br>Name of Firm: GOEC Nepal (P.) Ltd. JV with Technocrat Consultancy | NAME | A General Qualifications 15% | | B Project-Related Experience 70% | | C Experience w/ Intl. Org. 15% | | TOTAL SCORE (A+B+C) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | Rating | Score | Rating | Score | Rating | Score | |
| a. | Solid Waste Management Engineer | Dwarika Phunyal | 100 | 15 | 100 | 70 | 100 | 15 | 100 |
| b. | Social Safeguard Expert | Deepak Kumar Mishra | 100 | 15 | 100 | 70 | 100 | 15 | 100 |

**Rating:** Excellent: 100% Very Good: 90 – 99% Above Average: 80 – 89% Average: 70 – 79% Below Average: 1 – 69% Non-complying: 0%

**Score:** Rating x percentage assigned to criterion

**Comparision of Evaluation of Proposed Expert for Replacement With Existing Expert**

| S.No. | Expert | Type | Score: Existing Expert | Score: Proposed expert for replacement | Score comparision | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Solid Waste Management Engineer | National | 100 | 100 | Equal | |
| 2 | Social Safeguard Expert | National | 100 | 100 | Equal | |




"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका

फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५

e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. २(दुई)**

नेपाल अटो मेकानिक्स ट्रेड यूनियन, सिद्धार्थनगरको मिति २०७०।४।६ को पत्रानुसार सिद्धार्थनगर नगरपालिका क्षेत्रभित्र यत्रतत्र छरिएर व्यवसाय संचालन गरी आएका अटो व्यवसायीहरुलाई एकत्रित रुपमा व्यस्थित गरी अटोभिलेज संचालन गर्नको लागी अनुमती पाउ भनी पत्रबाट अनुरोध भई आए अनुसार अटो भिलेजका लागी आवश्यक पर्ने जग्गा नेपाल अटो मेकानिक्स ट्रेड यूनियनको तर्फबाट उपलब्ध हुने र नगरपालिकाले डिजाईन गरे अनुसार अटोभिलेज स्थापना गर्ने गरी सि.न.पा. वडा नं. ९ रंगनाथपूरमा व्यस्थित अटोभिलेज स्थापनाका लागी प्रारिम्भक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३(तिन)**

सि.न.पा. वडा नं. ३ स्थीत न.पा. को नाममा लगत कायम रहेको लगत नं. ११५ को ज.वि. ०–१–१८.२२ र सोही स्थानमा रहेको ३।क कि.नं. १ को ज.वि. ०–३–० को प्रति जग्गामा न.पा. को स्वामित्व रहने गरी स्थानीय सामुदायीक संघ संस्था तथा व्यक्तिहरुको सामाजिक काममा प्रयोग हुने गरी स्थानीय सकृयतामा समामुदायिक भवन निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४(चार)**

बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यबिधि २०६८ को दफा १२ मा भएको व्यवस्था बमोजिम बालमैत्री स्थानीय शासन नगर समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५(पाँच)**

सिद्धार्थनगर नगरपालिकाका कर्मचारीहरुलाई प्रोत्साहन वापत १५ औं नगरपरिषदको निर्णयले शुरु तलवमानको २८ (अठ्ठाईस) प्रतिशत भत्ता उपलब्ध गराउदै आएकोमा आ.ब. २०७०।०७१ को बजेट नीति तथा कार्यक्रम मार्फत नेपाल सरकारले सवै सरकारी राष्ट्र सेवक कर्मचारीको तलवमानमा १८ (अठार) प्रतिशत बृद्धि गरेको हुँदा बृद्धि तलबमानकै आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराउदा प्रशासनिक खर्च अभिबृद्धि हुन गई कुल चालु खर्च बढन गई नगरपालिकाको वित्तिय व्यभार बढन जाने अवस्थालाई दृष्टिगत गरी हालको तलव बृद्धिबाट कायम हुने शुरु तलवमानकै आधारमा यस पूर्वको प्रोत्साहन भत्तालाई २० (बिस) प्रतिशत मात्र कायम गर्ने र यस निर्णयलाई आगामी परिषदले अनुमोदन गर्ने निर्णय गरियो ।



**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np